घोडाघोडी स्थानीय राजपत्र

# घोडाघोडी नगरकार्यपालिकाको कार्यालय द्वारा प्रकाशित

**सुखड, कैलाली**

**७ नं. प्रदेश, नेपाल**

| भाग २ | वर्ष १ | अंक ३ | २०७४ मंसीर १ गते, शुक्रबार |
|---|---|---|---|


घोडाघोडी नगरकार्यपालिकाबाट मिति २०७४।७।२० मा स्वीकृत भएको नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण नियमावली, २०७४ स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सार्वजनीक जानकारीका लागी प्रकाशन गरिएको छ ।

## घोडाघोडी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि सम्वन्धमा व्यवस्था गर्ने बनेको नियमावली, २०७४

**प्रस्तावना :**

घोडाघोडी नगरपालिका,नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्र लगायतका अन्य लिखित प्रमाणिकरण गर्ने विधि र र प्रक्रियालाई व्यवस्थित गर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २१४ को उपधारा (५) बमोजिम घोडाघोडी नगरपालिका, नगर कार्यपालिकाले देहायको नियमावली बनाएको छ ।

# परिच्छेद १

# प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस नियमावलीको नाम **"घोडाघोडी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण ( कार्यविधि) सम्वन्धमा व्यवस्था गर्ने बनेको नियमावली, २०७४"** रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमालीमा :-

**(क)** "प्रमुख" भन्नाले नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्दछ ।

**(ख)** "उप प्रमुख" भन्नाले नगर कार्यपालिकाको उप प्रमुख सम्झनु पर्दछ ।

**(ग)** "कार्यपालिका" भन्नाले संविधानको धारा २१६ बमोजिम गठित घोडाघोडी नगरपालिका,नगर कार्यपालिका सम्झनु पर्दछ ।

